# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २७ मार्च २०२५

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

- केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहले सरकारले सहकारी ट्याक्सी सेवा शुरु गर्ने घोषणा गर्नुभएको छ ।
- दार्जिलिङका लोकसभा सांसद राजु विष्टले आज संसदमा बोल्नु हुदै सिलगडीमा अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) को स्थापनाको माग गर्नुभएको छ।
- डुवर्सका वरिष्ठ साहित्यकार लोकनाथ प्रधानको आज निधन भएको छ।
- पश्चिम बंगालमा विपक्षका नेता शुभेन्दु अधिकारीले राज्य सरकारमाथि सर्वोच्च न्यायालयलाई भ्रमित पारेको आरोप लगाउँदै यस मामिलामा सर्वोच्च न्यायालयको दैलो ढक्ढकाउने बताउनु भएको छ।
- दार्जीलिङमा आज विश्व नाट्य दिवस पालन गरियो।

**केंद्रीय गृह और सहकारिता मंत्री अमित शाह -सहकारी टैक्सी सेवा**

केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहले सरकारले सहकारी ट्याक्सी सेवा शुरु गर्ने घोषणा गर्नुभएको छ। सहकारी मार्फत सञ्चालन हुने यो सेवाले उबर र ओलाको मोडलमा काम गर्नेछ । लोकसभामा एक बहसमा भाग लिनुहुदै श्री शाहले यो कदम समृद्धिको लागि सहयोगको दृष्टिकोण अनुरूप भएको बताउनु भएको छ। दुई चक्के , ट्याक्सी, रिक्सा र चारचक्के वाहनहरुलाई पंजीकरण गर्न सकिने गरी केही महिनाभित्रै ठूलो सहकारी ट्याक्सी सेवा सञ्चालन गरिने उहाँले बताउनु भएको छ। यस अन्तर्गत यसको फायदा सिधा ड्राइवरले प्राप्त गर्नेछ। सहकार देखि समृद्धि नारा मात्र होइन, यसका लागि विगत साढे तीन वर्षमा सहकारिता मन्त्रालयले दिनरात काम गरेको श्री शाहले बताउनु भएको छ। उहाँले सहकारी प्रणालीभित्र रहेर बीमा व्यवसाय सञ्चालन गर्न चाँडै नै सहकारी बीमा कम्पनी स्थापना गरिने बताउनु भएको छ।

**प्रधानमंत्री नरेन्द्र मोदी -श्री श्री हरिचंद ठाकुर**

प्रधानमन्त्री नरेन्द्र मोदीले श्री श्री हरिचन्द ठाकुरको जन्मजयन्तीको अवसरमा श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ। प्रधानमन्त्री श्री मोदीले सीमान्तकृत समुदायको उत्थान र न्यायका लागि ठाकुरले गरेको प्रयासको प्रशंसा गर्नुभएको छ। श्री मोदीले मतुआ धर्म महा मेला 2025 को शुभकामाना पनि व्यक्त गर्नुभएको छ। यो मेलाले मतुवा समुदायको गौरवशाली संस्कृति झल्कने प्रधानमन्त्री श्री मोदीले बताउनु भएको छ। सरकारले मतुआ समुदायको हितका लागि विभिन्न पहल गरिएको उहाँले बताउनु भएको छ।

**संसद- सांसद राजु बिस्ट -एम्स माग**

दार्जिलिङका लोकसभा सांसद राजु विष्टले आज संसदमा बोल्नु हुदै सिलगडीमा अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) को स्थापनाको माग गर्नुभएको छ। उहाँले दार्जीलिंग, कालेबुंग, अलिपुरद्वार, जलपाईगुडी, कूचबिहार, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर र माल्दा जस्ता उत्तरी जिल्लाहरूमा लगभग ३ करोड मानिसहरू बसोबास गर्छन्, जसले महत्वपूर्ण स्वास्थ्य सेवा चुनौतीहरूको सामना गरिरहेको सदनमा जानकारी दिनुहुदै यस बिषयलाई ध्यानमा राखेर उत्तर बङ्गालका जनताको सेवाका लागि सिलिगुडीमा एम्स को स्थापना तत्काल आवश्यक रहेको बताउनु भएको छ।

**भाजपा -दार्जीलिंग जिल्ला उपाध्यक्ष -सभा -स्वागत**

भारतीय जनता पार्टीका दार्जीलिङ जिल्ला समितिका उपाध्यक्ष एलएम लामाले दार्जीलिङ पहाड,तराई अनि डुवर्स क्षेत्रका गोर्खा जातिको वर्षौंदेखिको राजनैतिक समस्या समाधानार्थ आगामी २ अप्रेलमा केन्द्रीय गृह राज्यमन्त्रीको अध्यक्षतामा हुने सभा मुद्दा सरोकारवालाहरुको निम्ति शुभ संकेत हो भनि बताउनु भएको छ। उहाँले यो सभा आयोजन गर्न जरुरी मान्ने भाजपा

सरकारको केन्द्रीय गृहमन्त्री अमित शाह लगायत गृह मन्त्रालयलाई भाजपा जिल्ला समितिको सल्लाह बमोजिम अथक पहल गर्ने दार्जीलिङका सांसद राजु विष्टप्रति विशेष धन्यवाद दिनुभएको छ। उहाँले भन्नुभएको छ- यो सभा, हाम्रो जातिय अनि क्षेत्रिय राजनैतिक समस्या समाधान हेतु एउटा अहम सरकारी अभ्यास हो। वर्षौंदेखि बंगालवादको शोषण र उत्पीडनमा बसेका दार्जीलिङ पहाड, तराई र डुवर्सका जनता साथै गोर्खा आदिवासी र राजवंशीहरुले राजनैतिक न्याय पाउने दिशामा यो वार्ता फलप्रद बनोस् भन्ने कामना गर्नुभएको छ।

**डुवर्स- साहित्यकार -निधन**

डुवर्सका वरिष्ठ साहित्यकार लोकनाथ प्रधानको आज निधन भएको छ। उहाँ ७९ बर्षको हुनुहुन्थ्यो। सन् १९६६ मा डुवर्स क्षेत्रबाट नेपाली काव्य संग्रह विरुवा प्रकाशित गर्ने पहिलो कवि हुनुहुन्थ्यो। १५ सितम्बर १९४६ मा चमर्ची बजारमा जन्मिएका प्रधानले बर्ष १९६६ मा बिरुवा कविता संग्रह त्यसपछि २०१७ मा मायाको मोल नामक नेपाली कथा संग्रह प्रकाशित भयो। यस बाहेक उहाँले धेरै संस्मरण, कथा, कविता, लघुकथा र गीत पनि रचना गर्नुभयो। नेपाली साहित्यलाई दिएको अतुलनीय योगदानको फलस्वरूप डुवर्स नेपाली साहित्य बिकास समितिले बर्ष २०१५मा चन्द्रबिर प्रधान स्मृति पुरस्कारलेउहाँलाई सम्मानित गरेको थियो। उहाँको निधनले नेपाली साहित्यलाई अपूरणीय क्षति पुगेको दार्जीलिंग तराई डुवर्स क्षेत्रका साहित्यकारहरुले शोक व्यक्त गरेका छन। उहाँको अन्तिम संस्कार भोलि जयगाउँमा गरिने जानकारी पारिवारिक सुत्रले दिएका छन्।

**पश्चिम बंगाल- शुभेन्दु अधिकारी- ओबीसी आरक्षण**

पश्चिम बंगालमा विपक्षका नेता शुभेन्दु अधिकारीले राज्य सरकारमाथि सर्वोच्च न्यायालयलाई भ्रमित पारेको आरोप लगाउँदै यस मामिलालाई लिएर उहाँले सर्वोच्च न्यायालयको दैलो ढक्ढकाउने बताउनु भएको छ। श्री अधिकारीले राज्य सरकारले ओबीसी आरक्षणमाथि नयाँ समीक्षाको नाममा सुप्रीम कोर्टलाई भ्रमित पार्ने चेष्टा गरेको दाबी गर्नुभएको छ।राज्य सरकारले गत 18 मार्चमा सर्वोच्च न्यायालयमा वाचा गरेको थियो कि पश्चिम बंगालमा अन्य पछौटे वर्ग (ओबीसी)-को नयाँ पहिचानको लागि सरकारले एक सर्वेक्षण गर्नेछ र यसलाई तीन महिनाभित्रमा पूरा गरिनेछ। यो सर्वेक्षण त्यसबेला शुरू गरियो जतिबेला राज्य सरकारले कलकत्ता उच्च न्यायालयको त्यस आदेशलाई चुनौती दियो जसमा वर्ष 2010-पछि जारी सबै ओबीसी प्रमाण पत्रहरूलाई रद्द गरिदिएको थियो।मीडियासित बातचित गर्नुहुदै श्री शुभेन्दु अधिकारीले भन्नुभयो- , राज्य सरकारले सर्वोच्च न्यायालयको अनुमति लिन अगाड़ि नै सर्वेक्षण शुरू गरेको थियो। उहाँले यसलाई एक सुनियोजित ढिल्याईको संज्ञा दिनुहुदै यसको उद्देश्य एक विशेष धार्मिक समुदायलाई फाइदा पुऱ्याउनु रहेको बताउनु भएको छ । श्री अधिकारी अनुसार यस प्रक्रियाका जटिलताहरूको कारणले लाखौं सरकारी पदहरूमा नियुक्ति अनिश्चित भएको छ।

**पश्चिम बंगाल- अनौठो मोडल**

पश्चिम बंगाल सरकारले नदी एवं नहरहरूको खनन (ड्रेजिंग)-का लागि एक अनौठो मोडल तयार गरेको छ जसबाट सरकारी ढुकुटीमाथि अतिरिक्त बोझ पर्नेछैन। राज्यका सिचाई मन्त्री मानस भुइयाँले यस नयाँ प्रणाली अन्तर्गत खननपछि निकालिएको ढुङ्गा-माटो आदिमाथि ठेकादारले सरकारलाई रोयल्टी दिनेछ साथै खनन गरिएको माटोको एक भाग पनि सरकारलाई दिनेछ जसलाई विविध विकास कार्यहरूमा उपयोग गर्न सकिने बताउनु भएको छ। मन्त्री श्री भुइयाले बताएनुसार, यो मोडललाई पश्चिम बंगाल खनिज विकास एवं व्यापार निगम लिमीटेडद्वारा विकसित गरिएको हो र यसलाई वर्ष 2022-23 देखि नै प्रायोगिक रूपमा पाँचवटा नदी क्षेत्रहरूमा लागू गरिसकिएको छ।

**दिल्ली वार्ता – महासंघ -निमन्त्रण**

आगामी 2 अप्रेलको दिन दिल्लीमा सम्पन्न हुने वार्तामा गोर्खा भारतीय जनजाति महासंघका प्रतिनिधिहरूलाई पनि सामेल हुने निम्तो दिएको महासंघका अध्यक्ष एमएस राईले बताउनु भएको छ। उक्त वार्तामा भाग लिन महासंघको एक प्रतिनिधि टोली दिल्ली जाने जानकारी दिनुहुदै उहाँले गोर्खा जातिको मुद्दा लिएर सम्पन्न हुने भएको उक्त वार्ताले निश्चय नै गोर्खा जातिको भविष्य निर्धारण गर्ने आशा गरिएको बताउनु भएको छ।

**विश्व नाट्य दिवस**

वैष्णवी प्रडक्सन साथै नाट्यकर्मीहरुको संयुक्त आयोजनामा आज दार्जीलिङ दिव्यवाणी भवनमा विश्व नाट्य दिवस पालन गरियो । फादर एलेक्स गुरुङको अध्यक्षतामा सम्पन्न आजको कार्यक्रममा नाट्य कर्मीहरुको व्यापक रूपमा उपस्थिति रहेको थियो । शिवानी छेत्रीद्वारा संचालन गरिएको कार्यक्रममा वरिष्ट नाट्य कलाकार जीवन गुरुङ, किरण ठकुरी, मारियम मित लेप्चा, बद्री खरेल, मेनुका प्रधान, ललित तिवारी, देवराज शेर्पा अनि नृत्य कलाकारहरुमा उषा गोमदेन, विमला ठटाल, शान्ता गुरुङलाई सम्मानित् गरियो। प्रत्येक वर्ष झै यस बर्ष युवा कलाकारको रूपमा प्रभात पाख्रिनलाई समान जनाईयो। भव्य रूपमा सम्पन्न विश्व नाट्य दिवसमा वैष्णवी प्रडक्सनको तर्फबाट विनय शंकरले स्वागत सम्बोधन राखेका थिए भने त्रिवेणी संगीतालयका कलाकारहरुले नृत्य अनि वैष्णवी प्रडक्सनका युवा कलाकारहरुले नाटक प्रस्तुत गरेको जानकारी रिना रायाले दिनुभएको छ।

**सिलगढी – ३ अप्रेल – सभा**

पश्चिम बङ्गाल राज्य सरकारको संयुक्त श्रम आयुक्त उत्तर बङ्गाल जोनले आगामी 3 अप्रेलको दिन दिउँसो 11 बजे सिलगडी स्थित राज्यको अतिथि गृहमा दार्जीलिङ्ग अनि कालेबुङ जिल्लाका चियाबारीहरुको वर्तमान मुद्दाहरू माथि चर्चा गर्न बैठक गर्ने जानकारी प्राप्त भएको छ । बैठक श्रम मन्त्रीको अध्यक्षतामा सम्पन्न हुनेछ।बैठकमा आठवटा श्रमिक सङ्गठनलाई निमन्त्रणा दिइएको छ।

**बासबोटे -भानु मा.बि. -मान्यता**

विगत लामो समयदेखि क्षेत्रवासीहरुको मागलाई पुरा गर्दै रिम्बिक लोधोमा समष्टि अधिनस्थ बासबोटे स्थिति भानु माध्यमिक बिधालयले उच्चत्तर माध्यामिक बिद्यालयको मान्यता प्राप्त गरेको छ। यस आशयको जानकारी स्कुल संचालन समितिका सभापति टासी शेर्पाले दिनुभएको छ।

**पुलबजार -झेपी- आगलागी**

दार्जीलिङ पुलबजार खण्ड अन्तर्गत झेपी ग्रामको राई गाउँमा एउटा घर जलेर खरानी भएको छ। घटना आज बिहान भएको हो। स्थानीय उत्तम राईको घरमा बिहान लगभग आठ बजीतिर एक्कासी आगो लागेको बताइएको छ। आगलागी बारे थाहा पाउनसाथ स्थानीयहरूले आगो निभाउने धेरै प्रयास गरे पनि भीषण आगोलाई नियन्त्रणमा ल्याउन सकेनन्। लगाएको लुगा बाहेक पीडितले घरभित्रबाट केही निकाल्न नपाएको बताइएको छ।

**टिस्टा नदी- वाहन दुर्घटना**

राष्ट्रिय राजमार्ग 31- अन्तर्गत सेवक स्थित शिव मन्दिर नजिक एउटा ट्रक टिस्टा नदीमा झर्दा तीन व्यक्ति घाइते भएका जानकारी प्राप्त भएको छ । घटना बुधबार राति 11 बजीतिर भएको बताइएको छ। उक्त दुर्घटनामा वाहनमा सवार एक महिला र दुई पुरुष घाइते भएको जानकारी प्राप्त भएको छ। पुलिसले दुर्घटना को जाच गरिरहेको छ।

****** ० ******